


विश्वसनियता र आधारस्तम्भ अझै मजबुत हुँदै
एक दशक देखि तपाईको भरोसा र सहयोगबाट

# संक्षिप्त वार्षिक आर्थिक विवरण

## आर्थिक वर्ष २०७२/७३

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
## Shangri-la Development Bank Ltd.

स्थानिय विकासको आधार

### प्रधान कार्यालय

पो.ब.नं. २०२००, बालुवाटार, काठमाडौं
फोन : ०१-४४२१८६१, ४४२१८६२, ४४२१८६३, इमेल : info@shangrilabank.com

### क्षेत्रीय कार्यालय

● न्यूरोड, पोखरा लेखनाथ-९, कास्की, फोनः ०६१-५२३७१५/७१६/७१७ ● सुर्खेत रोड, नेपालगञ्ज-२, बाँके, फोनः ०८१-४११०५७, ४११२४६

### शाखा कार्यालय

● दुलेगौंडा बजार, सुक्लगण्डकी-४, तनहुँ, फोनः ०६५-५७०७४७ ● भद्रकाली, पोखरा लेखनाथ-१३, कास्की, फोनः ०६१-५२८३४४ ● ट्राफिक चोक, बुटवल-६, रूपन्देही, फोनः ०७१-५५१५२७ ● नयाँ बसपार्क, पोखरा लेखनाथ-२, कास्की, फोनः ०६१-५२४९३८ ● राम बजार, पोखरा लेखनाथ-१५, कास्की, फोनः ०६१-४३२३३१ ● बिरौटा चोक, पोखरा लेखनाथ-१७, कास्की, फोनः ०६१-४६६०१७ ● धौलागिरीचोक, बाग्लुङ्ग-२, फोनः ०६८-५२२६४१ ● नारायणगढ, भरतपुर-१, चितवन, फोनः ०५६-५२१६९७ ● जिरो किलोमिटर, पोखरा लेखनाथ-५, कास्की, फोनः ०६१-५२५९६१ ● बैंक रोड, हेटौंडा-१०, मकवानपुर, फोनः ०५७-५२६४४१ ● रानीपौवा, पोखरा लेखनाथ-११, कास्की, फोनः ०६१-५२५९५१ ● अमरापुरी, गैडाकोट-१५, नवलपरासी, फोनः ०७८-५४५३७० ● बिरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५२३०७४ ● कोहलपुर-११, बाँके, फोनः ०८१-५४१३५७ ● लमही-५, दाङ, फोनः ०८२-५४०४५१ ● भालुवाङ्ग, राप्ती-१, दाङ, फोनः ०८२-५८०१९१ ● त्रिभुवनचोक, नेपालगञ्ज-८, बाँके, फोनः ०८१-५२३०१२ ● खजुरा गाउँपालिका-३, बाँके, फोनः ०८१-५६०३८५ ● घोराही-१५, दाङ, फोनः ०८२-५६३१६१ ● तुलसीपुर-५, दाङ, फोनः ०८२-५२१६७९ ● राँजा, नेपालगञ्ज-२०, बाँके, फोनः ०८१-५६५३७७ ● न्यु रोड, काठमाडौं-२२, फोनः ०१-४२२६७४९ ● बालुवाटार, काठमाडौं-४, फोनः ०१-४४२१८६१ ● टाँडी रत्ननगर-१, चितवन, फोनः ०५६-५६३२८४ ● अत्तरीया चोक, गोदावरी-१, कैलाली, फोनः ०९१-५५११६७ ● चन्दननाथ-६, जुम्ला, फोनः ०८७-५२०६३३ ● इटहरी चोक, इटहरी-६, सुनसरी, फोनः ०२५-५८८१०२ ● गुलरिया-६, बर्दिया, फोनः ०८४-४२०८७६ ● ईमाडोल, महालक्ष्मी-१, ललितपुर, फोनः ०१-५२०४२६१

### माइक्रो फाइनान्स कार्यालय

● न्यूरोड, पोखरा लेखनाथ-९, कास्की, फोनः ०६१-५२१४३५ ● धौलागिरीचोक, बाग्लुङ्ग-२, फोनः ०६८-५२२६४१ ● दुलेगौंडा बजार, सुक्लगण्डकी-४, तनहुँ, फोनः ०६५-५७०७४७ ● अमरापुरी, गैडाकोट-१५, नवलपरासी, फोनः ०७८-४१७१७१ ● गुलरिया-६, बर्दिया, फोनः ०८४-४२०८७६ ● ईमाडोल, महालक्ष्मी-१, ललितपुर, फोनः ०१-५२०४२६१

### नोट

यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

www.shangrilabank.com

## सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको

# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस बैंकको सञ्चालक समितिको मिति २०७४/०१/२७ गते (तदनुसार १० मे, २०१७) बुधबारका दिन बसेको १७९ औँ बैठकको निर्णयानुसार यस बैंकको बाह्रौं वार्षिक साधारणसभा देहायका विषयहरूमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि अनुरोध गर्दछु ।

सभा हुने मिति : २०७४ साल जेष्ठ १९ गते (तदनुसार २ जुन, २०१७), शुक्रबार ।<br>
स्थान : आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाडौँ ।<br>
सभा सुरू हुने समय : बिहान ११:०० बजे ।

**छलफलको विषयसूची** :

**(क) साधारण प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७२/७३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०७३ आषाढ मसान्तको वासलात तथा आर्थिक बर्ष २०७२/०७३ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा-नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०७३/०७४ को लागि बैंकको लेखा परिक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक ए.वि.एम.एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स् पुन : नियुक्त हुन योग्य हुनुहुन्छ ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रू. ९०,८०,०००/- (अर्थात चुक्ता पूँजीको ०.८५ प्रतिशत) नगद लाभाँश (बोनस शेयरको कर प्रयोजनका लागि) स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रू. १ अर्ब ७ करोड ३४ लाख ५६ हजारको १६.०७ प्रतिशतले हुने रकम रू. १७,२५,२०,०००/- (अक्षरेपी सत्र करोड पच्चीस लाख बिस हजार) बराबरको बोनस शेयर शेयरधनीहरूलाई वितरण गर्न स्वीकृत गर्ने ।

(२) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले कसमस डेभलपमेण्ट बैक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एन.वि.एस.एम् एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस् ले सम्पन्न गरेको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit, DDA) को आधारमा सिफारिश भएको शेयर आदान प्रदान अनुपात तथा बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी नियमावली २०७३ को अधिनमा रही संयुक्त प्राप्ति समितिद्वारा सिफारिश भई प्राप्त गर्ने संस्था र लक्षित संस्थाको सञ्चालक समितिले समेत स्वीकार गरेको कसमस डेभलपमेण्ट बैक लिमिटेडको प्रति शेयर चुक्ता रकम रू. १०० अंकित १ कित्ता शेयरलाई सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रति शेयर चुक्ता रकम रू. १०० अंकित १ कित्ता शेयर (१:१) आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गरी संस्थाको प्राप्तिको लागि अन्तिम स्वीकृति प्रदान गर्ने ।

(३) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले नेपाल कम्यूनिटि डेभलपमेण्ट बैक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एन.वि.एस.एम् एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस् ले सम्पन्न गरेको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit, DDA) को आधारमा सिफारिश भएको शेयर आदान प्रदान अनुपात तथा बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी नियमावली २०७३ को अधिनमा रही संयुक्त प्राप्ति समितिद्वारा सिफारिश भई प्राप्त गर्ने संस्था र लक्षित संस्थाको सञ्चालक समितिले समेत स्वीकार गरेको नेपाल कम्यूनिटि डेभलपमेण्ट बैक लिमिटेडको प्रति शेयर चुक्ता रकम रू. १०० अंकित १ कित्ता शेयरलाई सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रति शेयर चुक्ता रकम रू. १०० अंकित १ कित्ता शेयर (१:१) आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गरी संस्थाको प्राप्तिको लागि अन्तिम स्वीकृति प्रदान गर्ने ।

(४) प्राप्ति सम्बन्धमा देहायका प्रस्तावहरू समेत पारित गर्नेः

(क) संयुक्त मर्जर समितिबाट सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकनको लागी नियुक्त मूल्यांकनकर्ता NBSM & Associates, Chartered Accountants को नियुक्ती, सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Dilligence Audit Report) समभ्रुदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कारबाहीहरूलाई अनुमोदन गर्ने ।

(ख) कसमस डेभलपमेन्ट बैंक लिमिटेड तथा नेपाल कम्यूनिटि डेभलपमेण्ट बैंक लिमिटेडलाई सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले प्राप्ति (एक्वीजिशन) गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरिसकेको सन्दर्भमा दुबै संस्थाको प्रतिनिधित्वमा गठित संयुक्त मर्जर समिति र बैंकको सञ्चालक समितिले गरेका निर्णय, सम्झौता तथा खर्चहरूको अनुमोदन गर्ने ।

(ग) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले नेपाल कम्यूनिटि डेभलपमेण्ट बैंक लिमिटेड र कसमस डेभलपमेण्ट बैंक लिमिटेड प्राप्त गरे पश्चात् बन्ने बैंकको नाम "सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड" रहने (जसलाई अंग्रेजीमा Shangri-la Development Bank Limited भनिने)
छ । बैंकको प्रधान कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं. ४, वालुवाटार, काठमाण्डौंमा रहनेछ ।

(घ) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले नेपाल कम्यूनिटि डेभलपमेण्ट बैक लिमिटेड र कसमस डेभलपमेण्ट बैक लिमिटेड प्राप्ति गर्ने सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन पालना गर्ने गराउने लगायत प्राप्ति सम्बन्धमा गर्नु पर्ने आवश्यक सबै कामहरू गर्न गराउने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

(५) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले प्राप्ति गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको ८० प्रतिशत (अर्थात १० कित्ता शेयर बराबर ८ कित्ता) हकप्रद शेयर जारी गर्ने । स्वीकृत हकप्रद शेयर निष्काशन सम्बन्धमा गर्नु पर्ने आवश्यक काम कारवाहीहरू गर्ने गराउने कार्यको अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

(६) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयर, विशेष प्रस्ताव नं. २ तथा ३ बमोजिम हुने प्राप्ति (एक्विजिसन) तथा विशेष प्रस्ताव नं. ५ बमोजिम जारी हुने हकप्रद शेयर कार्यबाट बृद्धि हुने पूँजीको हदसम्म बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने लगायत प्राप्तिको कारणले बैंकको प्रबन्धपत्र तथा नियमावलीको दफाहरू/नियमहरूमा आवश्यक संशोधन/थप/घट गर्ने तथा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरूबाट आवश्यक स्वीकृति लिने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

(७) सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न/ हुन वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमति र सम्झौता लगायतका कामहरू गर्न गराउन सक्ने सञ्चालक समितिलाई प्राप्त अख्तियारीलाई निरन्तरता दिने ।

(८) बैंकको प्रबन्धपत्रको ४(कड) पछि देहाय बमोजिमको बिषय थप गर्ने :
दफा ४ (कड) पछि (कढ) थप गर्ने :
(कढ) प्रचलित कानूनको अधिनमा रही धितोपत्र खरिद दरखास्त संकलन प्रणाली (ASBA) अन्तर्गत धितोपत्रको दरखास्त संकलन सम्बन्धी कामहरू गर्न सक्ने ।

(९) ने.रा.बैं. वा अन्य नियमनकारी निकायद्धारा यस साधारण सभाबाट पारित भएको निर्णयहरूको आधारमा प्रबन्धपत्र तथा नियमावलीमा हुने परिवर्तनमा थपघट गर्न आवश्यक भएमा संचालक समितिलाई थपघट परिमार्जन गर्ने अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,<br>
कम्पनी सचिव

# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. बाह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि विकास बैंकको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७४/०२/०४ गते देखि मिति २०७४/०२/१९ गतेसम्म बन्द रहने छ । साथै मिति २०७४/०२/०३ गतेसम्म नेपाल धितोपत्र विनिमय बजार लि. मा कारोवार भई ७ कार्यदिन अर्थात मिति २०७४/०२/११ गते सम्म यस विकास बैंकको शेयर रजिष्ट्रार एन.आई.बि.एल. क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा शेयर दाखिल खारेजका लागि प्राप्त भई दाखिल खारेज भई कायम शेयरधनीहरूले साधारण सभामा भाग लिन, वोनस शेयर तथा लाभांस प्राप्त गर्न, मतदान गर्न पाउने छन् ।

२. सभामा उपस्थित हुने शेयरधनीहरूले सभा सम्बन्धी सुचना साथ प्रेषित प्रवेशपत्र साथमा लिई आउनुपर्नेछ, प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरूले विकास बैंकको प्रधान कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको आधिकारिक वेबसाईट www.shangrilabank.com बाट डाउनलोड गर्न सकिनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले संक्षिप्त वार्षिक आर्थिक विवरण साथ संलग्न प्रवेश पत्र साथमा लिई आउनुहुन तथा प्रवेश पत्र नभएमा शेयर प्रमाण पत्र, हितग्राही खाता (Demat A/c) खोल्दाका बखत पेश भएको परिचय पत्र साथमा लिई आउनुहुन अनुरोध छ ।

४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फारम भरी सभा सुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कारोवार समय भित्र विकास बैंकको केन्द्रिय कार्यालयमा दर्ता गरीसक्नुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि विकास बैंकको शेयरधनी हुनुपर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रिय कार्यालयमा कारोवार समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन स्वयं आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरू स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्नेछ, कुनै किसिम बाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।

५. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा साझेदारहरूद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन छलफल गर्न र मतदान गर्न पाउनेछ ।

६. नाबालक वा मानसिक सन्तुलन ठिक नभएका शेयरधनीको तर्फ बाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा दर्ता भएको संरक्षकले वा संरक्षकले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदान गर्न पाउनेछ ।

७. संगठित संस्था वा कम्पनी शेयरधनी भएकोमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

८. साधारण सभाको कामकारवाहीहरू कम्पनी ऐन. २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन. २०६३, विकास बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।

९. साधारण सभा सम्बन्धी थप जानकारी विकास बैंकको प्रधान कार्यालय वालुवाटार, काठमाण्डौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

Firm No. 367 PAN 600388896

KRESTON
ABMS

**साँग्रिला डेभलपमेण्ट बैंक लिमिटेडका**
(साविक बागेश्वरी डेभलपमेण्ट बैंक लिमिटेड)

च.नं. १४६/२०७३-७४ **शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

१. हामीले **साँग्रिला डेभलपमेण्ट बैंक लिमिटेड** (यस पछि 'संस्था' भनिएको) को यसै साथ संलग्न ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को आवश्यकता सम्बन्धि प्रतिवेदन**

४. उपरोक्तानुसार वित्तीय विवरणहरुको परीक्षणको आधारमा देहाय बमोजिम प्रतिवेदन पेश गरेका छौं ।

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पुर्ण रुपमा पाएका छौं ।

(ख) यो प्रतिवेदनसँग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र संलग्न अनूसुचीहरु नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेता र लेखासँग दुरुस्त रहेका छन् ।

(ग) हाम्रो रायमा, संस्थाले हिसाबकिताव ऐन बमोजिम ठीकसँग राखेको छ ।

(घ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थाले ब्याज आम्दानी नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।

(ङ) संस्थाको श्रेस्ता लेखापरीक्षणको समयमा, संस्थाको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पति हिनामिना गरेको वा वित्तीय संस्थाको हानीनोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(च) संस्थाले गरेको कार्य आफ्नो कार्य क्षेत्र भित्र रहेको पाइयो ।

(छ) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूँजी कोष राखेको तथा सम्पतिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

(ज) संस्थाले यस आर्थिक वर्षमा कुनै कर्जा अपलेखन गरेको छैन ।

(झ) संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशनअनुरुप कार्य गरेको छ ।

(ञ) संस्थाले निषेक्षकर्ता तथा लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

(ट) संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

**मन्तव्य**

५. हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले **साँग्रिला डेभलपमेण्ट बैंक लिमिटेड**को ३१ आषाढ २०७३ (१५ जुलाई २०१६)को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा, इक्वीटीमा भएको परिवर्तन र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामानअनुसार यथार्थ चित्रण गरेको छ र कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको छ ।

मनिष राज उप्रेती, *एफ्.सि.ए.*
साझेदार
मिति : २०७३।०८।१४
स्थान : काठमाण्डौ, नेपाल

ABMS & Associates
Chartered Accountants

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## २०७३ साल आषाढ मसान्त सम्मको

## वासलात

| पूँजी तथा दायित्व | अनुसूची | चालु आ.व. रू. | गत आ.व. रू. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | १,१४,९२,२२,००० | ८८,९४,५६,००० |
| २. जगेडा तथा कोषहरू | ४.२ | २०,११,५८,७१८ | १४,१६,७६,७५३ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | – | – |
| ४. तिर्न बाँकि कर्जा सापट | ४.४ | – | – |
| ५. निक्षेप दायित्व | ४.५ | १०,३६,१०,१७,६०३ | ८,०१,०८,८४,०७९ |
| ६. भूक्तानी दिनुपर्ने बिलहरू | ४.६ | १६,८९,९१३ | २५,६३,९१८ |
| ७. प्रस्तावित लाभांश | | ९०,८०,००० | – |
| ८. आयकर दायित्व | | – | – |
| ९. अन्य दायित्व | ४.७ | २३,७२,५०,४०२ | १२,२९,७४,०३८ |
| **कुल पूँजी तथा दायित्व** | | **११,९५,९४,१८,६३६** | **९,१६,७५,५४,७८७** |

| सम्पत्ति | अनुसूची | चालु आ.व. रू. | गत आ.व. रू. |
|---|---|---|---|
| १. नगद मौज्दात | ४.८ | २१,२०,५१,४७२ | १७,५०,६६,४९८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | ५४,०३,६९,०७३ | ४४,८४,३१,२०७ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.१० | २५,४०,२५,३२१ | १६,२६,६३,२१० |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.११ | १,३८,६६,६१,६७१ | १,५४,१६,०१,२४५ |
| ५. लगानी | ४.१२ | ३०,९३,६१,०१६ | २०,२९,४५,२६६ |
| ६. कर्जा सापट तथा बिल खरीद | ४.१३ | ९,०२,४७,६५,७९२ | ६,४४,५०,००,८३९ |
| ७. स्थिर सम्पत्ति | ४.१४ | १०,७३,९६,९७२ | ९,८६,६०,६६७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ४.१५ | – | – |
| ९. अन्य सम्पत्ति | ४.१६ | १२,४७,८७,३१९ | ९,३१,८५,८५५ |
| **कुल सम्पत्ति** | | **११,९५,९४,१८,६३६** | **९,१६,७५,५४,७८७** |

## २०७२ साल श्रावण १ देखि २०७३ साल आषाढ मसान्त सम्मको

## नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | चालु आ.व. रू. | गत आ.व. रू. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१८ | ९३,८३,४०,२१८ | ८१,२९,८८,७३१ |
| २. ब्याज खर्च | ४.१९ | ४६,०३,०२,९०० | ३९,७१,४७,२९३ |
| **खुद ब्याज आम्दानी** | | **४७,८०,३७,३१८** | **४१,५८,४१,४३८** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४.२० | १,००,०८,८२५ | १,०८,१९,५९४ |
| ४. अन्य सञ्चालन आम्दानी | ४.२१ | ७,२८,०४,६८७ | ६,२५,५३,७३९ |
| ५. सटही घटबढ आम्दानी | ४.२२ | – | – |
| **कुल सञ्चालन आम्दानी** | | **५६,०८,५०,८३०** | **४८,९२,१४,७७२** |
| ६. कर्मचारी खर्च | ४.२३ | १०,२९,६७,०८७ | ७,६८,०८,७९२ |
| ७. अन्य सञ्चालन खर्च | ४.२४ | १०,९१,६२,११३ | १०,२९,२७,०७७ |
| ८. सटही घटबढ नोक्सान | ४.२२ | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **३४,८७,२१,६३०** | **३०,९४,७८,९०२** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.२५ | ३,६२,२१,१८५ | २,३०,११,६५१ |
| **सञ्चालन मुनाफा** | | **३१,२५,००,४४४** | **२८,६४,६७,२५२** |
| १०. गैर सञ्चालन आम्दानी/खर्च | ४.२६ | २,२८,८९,२३० | २,३७,४२६ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२७ | १,३३,७९१ | ४८,६८,४७८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **३३,५५,२३,४६५** | **२९,१५,७३,१५५** |
| १२. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२८ | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **३३,५५,२३,४६५** | **२९१,५७३,१५५** |
| १३. कर्मचारी बोनस व्यवस्था | | ३,०५,०२,१३३ | २,६५,०६,६५० |
| १४. आयकर व्यवस्था | | ८,९५,७४,९५१ | ८,७०,३५,०१० |
| यस वर्षको कर व्यवस्था | | ९,४५,२४,६६१ | ८,१२,८७,३२४ |
| विगत वर्षसम्मको कर व्यवस्था | | – | ३७,९१,३५८ |
| यस वर्षको स्थगन कर आम्दानी खर्च | | (४९,४९,७१०) | १९,५६,३२८ |
| **खुद नाफा/नोक्सान** | | **२१,५४,४६,३८१** | **१७,८०,३१,४९५** |

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## २०७२ साल श्रावण १ देखि २०७३ साल आषाढ मसान्त सम्मको

## नाफा नोक्सान बाँडफाँड हिसाब

| पूँजी तथा दायित्व | अनुसूची | चालु आ.व. रू. | गत आ.व. रू. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | १२,०८,५५८ | २४,९०,३४८ |
| २. शेयर प्रिमियमबाट रकमान्तर | | २,०४,८६,३४१ | - |
| ३. यस वर्षको मुनाफा | | २१,५४,४६,३८१ | १७,८०,३१,४९५ |
| ४. अन्य जगेडा कोषबाट रकमान्तर | | - | १,०२,६९,४१९ |
| ५. लगानी समायोजन कोष | | १०,००,००० | |
| ६. सटही घटबढ कोष | | - | - |
| **जम्मा** | | **२३,८१,४१,२८१** | **१९,०७,९१,२६३** |
| **खर्च** | | | |
| १. गत वर्ष सम्मको संचित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ४,३०,८९,२७६ | ३,५६,०६,२९९ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | | - | - |
| ८. प्रस्तावित लाभांश | | ९,०,८०,००० | - |
| ९. प्रस्तावित बोनस शेयर जारी | | १७,२५,२०,००० | १५,३४,५६,००० |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूँजी समायोजन कोष | | - | - |
| १४. स्थगन कर जगेडा | | - | - |
| १५. लगानी समायोजन कोष | | १,४८,३१५ | ५,२०,४०५ |
| १६. गत वर्षको समायोजन | | - | - |
| १७. अन्य कोष | | - | - |
| **जम्मा** | | **२२,४८,३७,५९१** | **१८,९५,८२,७०४** |
| १५. सञ्चित मुनाफा / (नोक्सान) | | १,३३,०३,६८९ | १२,०८,५५८ |

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण

### आ.व. २०७२/७३

| विवरण | शेयर पूँजी | संचित ना.नो. | साधारण जगेडा कोष | पूँजीगत जगेडा कोष | सेयर प्रिमियम | सटहि घटबढ कोष | स्थगन कर जगेडा | लगानीको बजार मूल्य समायोजन कोष | लगानी समायोजन कोष | अन्य जगेडा तथा कोष | कुल संयुक्त रकम रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **शुरू मौज्दात** | **८८,९४,५६,०००** | **१२,०८,५५८** | **१३,८७,०७,३०९** | **-** | **-** | **-** | **-** | **१५,२०,४०५** | **२,४०,४८१** | - | **१,०३,११,३२,७५३** |
| समायोजन (अन्य) | - | - | - | - | - | - | - | - | - | - | - |
| **समायोजित शुरू मौज्दात** | **८८,९४,५६,०००** | **१२,०८,५५८** | **१३,८७,०७,३०९** | **-** | **-** | **-** | **-** | **१५,२०,४०५** | **२,४०,४८१** | - | **१,०३,११,३२,७५३** |
| **समायोजन** | | | | | | | | | | | |
| यस वर्षको खुद नाफा | - | २१,५४,४६,३८१ | - | - | - | - | - | - | - | - | २१,५४,४६,३८१ |
| साधारण जगेडा कोष | - | (४,३०,८९,२७६) | ४,३०,८९,२७६ | - | - | - | - | - | - | - | - |
| स्थगन कर जगेडा | - | - | - | - | - | - | - | - | - | - | - |
| अन्य जगेडा कोष | - | - | - | - | - | - | - | - | - | - | - |
| हकप्रद शेयर निष्काशन | ८,७२,४६,००० | - | - | - | २,०४,८६,३४१ | - | - | - | - | - | १०,७७,३२,३४१ |
| शेयर प्रिमियम रकमान्तर | - | २,०४,८६,३४१ | - | - | (२,०४,८६,३४१) | - | - | - | - | - | - |
| बोनस शेयर | १७,२५,२०,००० | (१७,२५,२०,०००) | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांस | - | (९०,८०,०००) | - | - | - | - | - | - | - | - | (९०,८०,०००) |
| लगानी समायोजन कोष | - | (१,४८,३१५) | - | - | - | - | - | १,४८,३१५ | - | - | - |
| लगानी समायोजन कोष बाट फिर्ता | - | १०,००,००० | - | - | - | - | - | (१०,००,०००) | - | - | - |
| बजार मूल्य समायोजन कोष | - | - | - | - | - | - | - | - | ५१,४९,२४३ | - | ५१,४९,२४३ |
| स्थगन कर जगेडा | - | - | - | - | - | - | - | - | - | - | - |
| **अन्तिम मौन्दात** | **१,१४,९२,२२,०००** | **१,३३,०३,६८९** | **१८,१७,९६,५८५** | - | - | - | - | **६,६८,७२०** | **५३,८९,७२४** | - | **१,३५,०३,८०,७१९** |

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## २०७२ साल श्रावण १ देखि २०७३ साल आषाढ मसान्त सम्मको

## नगद प्रवाह विवरण

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **क. कारोबार संचालनबाट नगद प्रवाह** | **२५,८८,२०,३५६** | **२७,२९,४९,७६१** |
| १. नगद प्राप्ति | १,०१,७०,५४,३६१ | ८८,५९,७६,९३६ |
| १.१ ब्याज आम्दानी | ९३,७०,०२,३८२ | ८१,४४,४३,३०२ |
| १.२ कमिशन तथा डिष्काउन्ट आम्दानी | १,००,०८,८२५ | १,०८,१९,५९४ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | - | - |
| १.४ अपलेखित कर्जाको असुली | - | - |
| १.५ अन्य आम्दानी | ७,००,४३,१५३ | ६,०७,१४,०३९ |
| २. नगद भुक्तानी | ७५,६०,९७,२९३ | ६४,७४,७३,६६८ |
| २.१ ब्याज खर्च | ४५,००,२४,०३८ | ३८,९६,६०,८०१ |
| २.२ कर्मचारी खर्च | ९,५९,०१,०४८ | ७,७०,९९,५५७ |
| २.३ कार्यालय संचालन खर्च | ७,८४,१४,२१२ | ७,८१,१२,६९२ |
| २.४ आयकर भुक्तानी | १०,५२,५१,३४६ | ८,०१,९२,४१५ |
| २.५ अन्य खर्च (कर्मचारी बोनस) | २,६५,०६,६५० | २,२४,०८,२०३ |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | **२६,०९,५७,०६८** | **२३,८५,०३,२६८** |
| **संचालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(२,४५,४२,६१,८६८)** | **(१,५२,३१,८१,१७४)** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | १५,४९,३९,५७३ | (१४,७१,१८,२५४) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | २,१२,९१,४५२ | (२,५७,७०,३८५) |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(वृद्धि) | (२,६१,५९,०५,६५९) | (१,३२,२६,९८,४५१) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१,४५,८७,२३४) | (२,७५,९४,०८३) |
| **संचालन सम्बन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | **२,४५,२१,२५,१५६** | **१,५५,७६,२७,६६६** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | २,३५,०१,३३,५२५ | १,५५,४९,४६,९९९ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा कमी/वृद्धि | - | - |
| ३. अल्पकालिन सापटीमा कमी/वृद्धि | - | - |
| ४. अन्य दायित्वमा कमी/वृद्धि | १०,१९,९१,६३२ | २६,८०,६६८ |
| **ख. लगानी कारोवारमा नगद प्रवाह** | **(१३,३०,६१,७२०)** | **(१७,५५,००,९६०)** |
| १. दीर्घकालिन लगानीमा कमी/वृद्धि | (१०,००,००,०००) | (१०,४७,४०,०००) |
| २. स्थीर सम्पत्तिमा कमी/वृद्धि | (३,३१,५०,६२५) | (७,०८,९३,६०९) |
| ३. दीर्घकालिन लगानीमा ब्याज आम्दानी | - | - |
| ४. लाभाशं आम्दानी | ८८,९०५ | १,३२,६४९ |
| **ग. वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **९,४५,२६,३१४** | **(३,६५,६४,७८६)** |
| १. दीर्घकालिन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/कमी | - | - |
| २. शेयर पूँजीमा वृद्धि÷कमी | २५,९७,६६,००० | - |
| ३. अन्य दायित्वमा वृद्धि÷कमी (लाभांश वितरण) | (४१,२६,०२७) | (३,६५,६४,७८६) |
| ४. नेपाल राष्ट्र बैंकबाटप्राप्त सहुलियत/पूनरकर्जामा वृद्धि/कमी | - | - |
| ५. शेयर प्रिमिएम बापत प्राप्त रकम | २,०४,८६,३४१ | - |
| ६. लाभांस तथा बोनस खर्च | (१८,१६,००,०००) | - |
| घ. नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च | - | - |
| ङ. साबिकको सांग्रिला डेभलपमेण्ट बैंक लि. बाट नगद प्रवाह | - | - |
| च. यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | २२,०२,८४,९५० | ६,०८,८४,०१६ |
| छ. नगद तथा बैंकमा रहेको शुरू मौज्दात | ७८,६१,६०,९१६ | ७२,५२,७६,९०० |
| **ज. नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,००,६४,४५,८६६** | **७८,६१,६०,९१६** |

## सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
### प्रबन्धपत्रमा संशोधन तीन महले

| दफा/उपदफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपरेको कारण |
|---|---|---|---|
| दफा ४ (कढ) | व्यवस्था नभएको | प्रचलित कानूनको अधिनमा रही धितोपत्र खरिद दरखास्त संकलन प्रणाली (ASBA) अन्तर्गत धितोपत्रको दरखास्त संकलन सम्बन्धी कामहरू गर्न सक्ने । | धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ बमोजिम प्रबन्धपत्र वा नियमावलीमा व्यवस्था हुन पर्ने भएकाले । |
| दफा ५ (क) | विकास बैंकको अधिकृत पूँजी रू २,५०,००,००,०००/- (दुई अरब पचास करोड) हुनेछ ।<br>सो पूँजीलाई प्रति शेयर रू १०० दरको २,५०,००,०००/- (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको अधिकृत पूँजी रू ३,००,००,००,०००/- (तीन अरब) हुनेछ ।<br>सो पूँजीलाई प्रति शेयर रू १०० दरको ३,००,००,००० (तीन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | प्राप्ति तथा हकप्रद शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले । |
| दफा ५ (ख) | विकास बैंकको जारी पूँजी रू १,०७,३४,५६,०००/- (एक अरब सात करोड चौतिस लाख छपन्न हजार) हुनेछ ।<br>सो पूंजीलाई प्रति शेयर रू १०० दरको १,०७,३४,५६० (एक करोड सात लाख चौतिस हजार पांच सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको जारी पूँजी रू २,८४,१७,८५,३७०/- (दुई अरब चौरासी करोड सत्र लाख पचासी हजार तीन सय सत्तरी) हुनेछ ।<br>सो पूँजीलाई प्रति शेयर रू १०० दरको २,८४,१७,८५३.७० (दुई करोड चौरासी लाख सत्र हजार आठ सय त्रिपन्न दशमलव सत्तरी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आ.व २०७२/७३ को मुनाफा तथा सचिंत मुनाफा/कोष समेतबाट १६.०७ प्रतिशत बोनस शेयर जारी हुदाँ र १२औं वार्षिक साधारणसभा बाट पारित भएमा हुने प्राप्ति तथा हकप्रद शेयर जारी भए पश्चात पुँजी वृद्धि भई रू २,८४,१७,८५,३७०/- पुग्ने हुँदा प्रबन्धपत्रमा भएको व्यवस्था संशोधन गर्नु परेको । |
| दफा ५ (ग) | विकास बैंकको चुक्ता पूँजी रू १,०७,३४,५६,०००/- (एक अरब सात करोड चौतिस लाख छपन्न हजार) हुनेछ । | विकास बैंकको चुक्ता पूँजी रू २,८४,१७,८५,३७०/- (दुई अरब चौरासी करोड सत्र लाख पचासी हजार तीन सय सत्तरी) हुनेछ । । | ऐ ऐ |

## प्रोक्सी फाराम

श्री सञ्चालक समिति
**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड**
बालुवाटार, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे।**

महाशय,

........................ जिल्ला, ........................ म.न.पा./उ.मा.न.पा./न.पा./गा.वि.स., वडा नं. .......... बस्ने म/हामी........................................... ........................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७४/०२/१९ गते शुक्रबारका दिन हुने बाह्रौं साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि..............................जिल्ला,................................ म.न.पा./उ.मा.न.पा./न.पा./गा.वि.स.,वडा नं...........बस्ने श्री ..........................................................................लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
शेयर धनी नं.
हितग्राही नं.
हस्ताक्षरको नमूना

**निवेदक**

दस्तखत : ...................................
नाम : ...........................................................................
ठेगाना : ......................................................................
शेयर धनी नं. : ....................
हितग्राही नं.: | | | | | | | | | | | | | | | | |
शेयर संख्या : .............................

*(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।)*

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकासको आधार

# प्रवेश-पत्र

शेयरधनीको नाम :............................

शेयर धनी नं. : ..................................

हितग्राही नं.: □□□□□□□□□□□□□□□□

शेयर संख्या : ..................................

यस विकास बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले उक्त सभामा उपस्थित हुन यो प्रवेश-पत्र जारी गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७४/०२/१९ गते शुक्रबार (तद्नुसार सन् २०१७/०६/०२) ।

समय : बिहान ११ बजे ।

स्थान : आम्रपाली बैंक्वेट, भाटभटेनी, काठमाण्डौं ।

..................................

**दिनेश थकाली**
(कम्पनी सचिव)

*(द्रष्टव्य : यो प्रवेश-पत्र सभाकक्षमा प्रवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रूपमा साथ राख्नु होला ।)*

---

## Book Post

**शेयरधनीको नाम :** ____________________

**ठेगाना :** ____________________

**फोन नं. :** ____________________

**ब्लक नं. :** __________

**पो.ब.नं. :** __________